# तिलोत्तमा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

**मणिग्राम, रुपन्देही, ५नं. प्रदेश, नेपाल**

प.सं.: ०७६/०७७/प्रशासन
च.नं.: 3085

मिति : २०७६/११/१४

श्री वडा कार्यालय (सबै),
तिलोत्तमा नगरपालिका ।

**विषय : पोलिथिन शून्य अभियानलाई पूर्णता दिने सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस नगरपालिकाले विगत साढे दुई वर्ष देखि **"ग्रिन तिलोत्तमा, क्लिन तिलोत्तमा"** भन्ने नाराकासाथ सरसफाई सम्बन्धी विभिन्न रचनात्मक कार्यक्रम अभियानको रुपमा संचालन गर्दै आइरहेको व्यहोरा अवगत नै छ । यस नगरपालिका पोलिथिन शून्य नगर घोषणा गर्ने वृहत अभियानमा लागिरहेको र पूर्ण सरसफाई उन्मुख नगरपालिका घोषणा गर्नका लागि आवश्यक न्यूनतम सूचकहरु समेत पूरा गरिसकेको सन्दर्भमा उक्त कार्यलाई पूर्णता दिन नगरपालिकाका सबै वडाहरु पोलिथिन शून्य गराउनु पर्ने भएकोले घोषणा भईसकेका वडाहरुमा नियमित सरसफाईलाई निरन्तरता दिदैं थप प्रभावकारी कार्यक्रम संचालन गर्ने, बाँकी वडाहरु यथासिघ्र घोषणाको प्रक्रियामा अगाडि जाने र उक्त अभियानमा सम्पूर्ण टोल विकास संस्था, आमा समूह, क्लव, सामुदायिक वन, खानेपानी तथा सरसफाई उपभोक्ता समिति, शैक्षिक तथा वित्तिय संघसस्था लगायत सम्पूर्ण नगरबासीहरुले आ-आफ्नो घर, आगँन, टोल, खेत, कुलो, नहर, सडक, सार्वजनिक तथा सरकारी जग्गा लगायत आ-आफ्नो वडाको सम्पूर्ण भौगोलिक क्षेत्रको मिति २०७६/११/१७ गते सम्म पूर्णरुपमा सरसफाई गर्ने/गराउने व्यवस्था मिलाई अनुगमन गरी सो को लिखित जानकारी यस कार्यालयमा गराई नगरको गौरव नेपालमा मात्र नभै विश्व स्तरमा समेत बढाउने गरी माननीय वन तथा वातावरण मन्त्री शक्ति बस्नेतज्यूको प्रमुख आतिथ्यतामा एक विशेष समारोह बीच यही २३ गते शून्य पोलिथिन नगर घोषणा हुने भएकोले संघ तथा प्रदेशबाट नगरक्षेत्रको स्थलगत अनुगमन हुँदा पोलिथिन शून्य देखिने वातावरण सिर्जना गरी सहयोग पुऱ्याउनुहुन अनुरोध छ ।

मा
२०७६।११।१४
माधव
प्रमुख प्रशा...

**बोधार्थ :**

- श्रीमान् नगर प्रमुखज्यूको सचिवालय ।
- श्रीमान् नगर उप-प्रमुखज्यूको सचिवालय ।